# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २ गते २०१२ साल

## उद्योग वाणिज्यविभागको सूचना

७।बिडी ०१२ ४।६।२०१२

बिडी बनाई बिक्री गर्ने पाउ भन्ने विभिन्न जिल्लाका जनताको माग बढी रहेको र आफ्नै देशको सूर्ति र पातबाट बिडी बनाई बिक्री गर्न ईजाजत दिई यो उद्योग राम्रो चालू भएमा देशका जनताले ईलम रोजगार पाई थेर थोरै मात्रामा भएपनि बेकारीको समस्यासमेत हल हुने भएकोले र मेहनत गरेमा १।२ वर्ष मै हाम्रै सरहदको वस्तुबाट पनि सो उद्योग राम्रोसँग चल्नसक्ने देखिएकोले यस विषय भैरहेको रुल नियममा परीवर्तन गरी अबउप्रान्त देहायबमोजिम गर्न ०१२।६।१।६ मा सरकारको निर्णय भएकोले सर्वसाधारणलाई सो कुरा विदित होस् भन्नाका लागि यो सूचना प्रकाश गरिदिएको छ ।

तपसील

१. (क) यो मुख्यतया कुटीर उद्योग ढंगले चल्ने हुनाले पहिले यसको ईजाजत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

269

उद्योगविभागबाट दिई आएकोमा अबउप्रान्त जनताको सुविधाको निम्ति स्थानीय गोस्वाराबाट ईजाजत दिने गर्नु।

(ख) स्थानीय गोस्वाराले ईजाजत दिएपछि त्यसको नकल ३ दिनभित्र उद्योग विभाग र अर्थविभागमा पठाउने गर्नु।

(ग) ईजाजत दिंदा यस विषयमा भएको यस नियमबमोजिम कामगर्न सक्ने हरेक नेपाली नागरिकलाई ईजाजत दिनु।

२. (क) दुइ वर्षसम्म सूर्ति र पात झिकाउन प्रतिबन्ध लाग्ने छैन।

(ख) १॥ पुला पातमा पाँच आनाका दरले पैठारी महसूल लाग्नेछ।

(ग) हाल लागू भएको अन्तःशुल्क माफी गरिएको छ।

३. बिडीको उद्योग राम्रो चालू गर्नाको निम्ति यो काम मेशिनबाट पनि गर्न पाउने छ।

४. स्वदेशमा कच्चा पदार्थ (Raw material) तयार गर्ने खोजी गर्नेलाई के कस्तो सुविधाहरू चाहिंदो रहेछ बुझी सो काममा प्रोत्साहन दिइनेछ।

५. काम सुरु भएको ६ महिनासम्म मात्र स्थानीय जनताहरूलाई तालिम दिना निमित्त विदेशी मजदूर राख्न पाउने र सो पछि स्थानीय मजदूरलाई मात्र काममा लगाउन पाउने छ।

६. उपरोक्त नियमबमोजिम काम भएको छ छैन त्यसको चेक स्थानीय गोस्वाराबाट हुनेछ।

७. साबिकबमोजिमः—

(क) प्रति लाइसेन्स रु. १००। एकसय दस्तुर लाग्नेछ।

(ख) दिइएको लाईसेन्स एक वर्षलाई मात्र बहाल रहने छ।

(ग) काम सुचारु रूपले चलेको खण्डमा प्रति वर्ष रु. ५० पचास तिरी लाईसेन्स बहाल गर्न पाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. (क) काम सुरु भएपछि सो कारखानामा लगाइएको पूँजी, त्यसमा लगाईए-को मजदूरको संख्या, त्यसबाट मासिक उत्पादन हुने मालको परिमाण समेत खोली गोस्वारामा र उद्योगविभागमा जाहेर गर्नुपर्छ।

(ख) महिना महिनामा तयार भएको बिक्रीको लगत उद्योगविभागमा गोस्वारामार्फत पठाउनु पर्छ।

आज्ञाले—

भीमबहादुर

सेक्रटरी—उद्योग र वाणिज्यविभाग.

## उद्योग वाणिज्यविभागको सूचना

मिति ०१२।६।२४

उ।वि.पु।०१२

नेपालमा रजिष्टर्ड भैराखेका मिल, फैक्ट्री कम्पनीहरूको शेयर विदेशीहरूले खरीद गर्न नहुने भन्ने सवाल सनद भैराखेको नभए तापनि विदेशीहरूले अघि खरीद गर्दा विशेष निकासाको अघि नेपालमा रजिष्टर्ड भएको कम्पनीको शेयर खरीद गरी आएको छ। तर आधार लिई विदेशी मैनेजमेन्टको तर्फबाट मात्र खरीद गरी आएको छ। तर वर्तमान परिस्थितिमा विदेशी पूँजीबिना शीघ्र औद्योगिक विकास हुन नसक्ने देखिएकोले देशको औद्योगिक विकास र प्रगतिको ख्याल राखी अगाडी विशेष इजाजत पाई विदेशीहरूले खरीद गरी आएको शेयरको अधिकारलाई कुनै बाधा नपर्ने गरी नेपालको जुनसुकै लिमिटेड कम्पनीहरूको अधिकृत शेयरमध्ये ३३$\frac{1}{3}$ प्रतिशतसम्म विशेष निकासाबिना नै विदेशी कम्पनी वा व्यक्तिलाई बिक्री गर्न हुने ०१२।८।१०।६ मा सरकारबाट निर्णय भएकोले सो कुरा सर्वसाधारणलाई ज्ञात होस भनी यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भीमबहादुर

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६.४